भेरी नगरपालिका
Bheri Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
खलंगा, जाजरकोट

# पार्किङ शुल्क संकलन सम्बन्धि सिलबन्दि प्रस्ताब आह्वानको सूचना

## (प्रथम पटक प्रकाशित मिति २०८०/१२/०८)

यस नगरपालिका क्षेत्र भित्रको स्थानहरु बस पार्कमा तथा तोकिएको पार्किङ क्षेत्रमा पार्किङ गरिने बस , मिनिबस , ट्रक , ट्याक्टर , जीप , कार , भ्यान, मोटरसाईकल तथा हेभि जेसिवी डोजर लगायतको अन्य यातायातको साधन र मेसिनरी साधनबाट पार्किङ बापत आर्थिक बर्ष २०८०/०८१ को पार्किङ शुल्क संकलनको लागि देहायको शर्तहरुको परिधि भित्र रही सिलबन्दि प्रस्ताव पेश गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरु**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनको कार्यालय समय भित्र रु १००० (अक्षेरुपी रु.एक हजार मात्र) दस्तुर तिरि पार्किङ शुल्क संकलन सम्बन्धि प्रस्ताव फाम खरिद गर्न सकिनेछ।

२. प्रस्ताव फाराम सूचना प्रकाशित भएको मितिले १६ (सोह) औं दिनको १२:०० बजे भित्र यस कार्यालयमा सिलबन्दि गरि पेश गरिसक्नुपर्नेछ। यसरी रितपूर्वक प्राप्त हुन आएको सिलबन्दी प्रस्तावहरु सोही दिनको २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधि र कार्यालयको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि प्रस्ताव फाराम खोल्न कुनै बाधा पर्ने छैन्।

३. प्रस्ताव फाराम बाहिर प्रस्ताव दाताले आफ्नो नाम, ठेगाना , सम्पर्क नम्बर , तथा विषय स्पष्ट संग उल्लेख गर्नु पर्ने छ।

४. पार्किङ शुल्क बापत बार्षिक मु.अ. शुल्क बाहेकको न्यूनतम अंक रु ५०,००० (अक्षेरुपी रु. पचास हजार मात्र) कायम गरिएको छ। प्रस्तावकले पार्किङ शुल्क रकम कबोल गर्दा न्यूनतम अंकमा नघट्ने गरी आफुले कबोल गरेको पार्किङ शुल्क बापतको रकम अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

५. प्रस्तावकले प्रस्तावमा कबोल गरेको कुल रकमको ५० प्रतिशतले हुन आउने रकम नगर कार्यपालिकाको खातामा जम्मा गरेको बैंक भौचर र बाँकी ५० प्रतिशतको रकमको हकमा २०८१ आषाढ मसान्त सम्म म्याद भएको बैंक कार्य सम्पादन जमानी पेश गरे पश्चात मात्र सम्झौता गरिनेछ।

६. प्रस्तावकले कबोल गरेको रकमको ५ प्रतिशतका दरले हुन आउने रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड जाजरकोट शाखामा रहेको धरौटी खाता नं. ०७५०३०००००३०००००००३ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट जारी भएको ९० दिन म्याद भएको विड बण्ड संलग्न गरि पेश गर्नुपर्ने छ।

७. प्रस्ताव पेश गर्दा अद्यावधिक व्यवसाय दर्ता प्रमाणपत्र , आर्थिक वर्ष २०७९/८० सम्मको शुल्क चुक्ताको प्रमाण पत्रको प्रतिलिपी तथा स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ।

८. अन्य कुरा प्रचलित आर्थिक ऐन, नियम अनुसार हुनेछ। विस्तृत कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस कार्यालयको शुल्क उपशाखामा सम्पर्क राख्न सकिनेछ।

.............................................
( दल बहादुर घर्ती )
नि.प्रमुख प्रशासकिय अधिकृत

Website: www.bherimun.gov.np, Contact: 089430002, 9858080357, Email: bherimun@gmail.com